पत्र संख्या :२०८२।०८३

चलानी नं.:

मिति :

**सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३।०१।२९)**

भुम्लु गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालय तथा कार्यालयका लागि आवश्यक तपसिल बमोजिम शिक्षक तथा कर्मचारी खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरीकहरुले तपसिल बमोजिमको कागजातहरु तथा राजस्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

| क्र.सं | वि.नं. | पद | माग संख्या | दरबन्दीको प्रकार | पदस्थापन हुने विद्यालय/ कार्यालय |
|---|---|---|---|---|---|
| १. | १७-०८२/८३ | मा.वि.(९-१०) विज्ञान | १ | संघिय अनुदान करार | श्री अरुणोदय माध्यमिक विद्यालय, भुम्लु-०२, सिम्थली |
| २. | १८-०८२/८३ | कार्यालय सहयोगी | १ | करार | ६ नं. वडा कार्यालय, कोलाँती |

**१. दरखास्त दिने स्थान :** भुम्लु गाउँपालिकाको कार्यालय वा अनलाइन मार्फत

- गाउँपालिकाको वेबसाइट **www.bhumlumun.gov.np** मा गई विद्युतीय सुशासन सेवाको नमुना फारमहरु भित्र रहेको नमुना फारम डाउनलोड गरी फर्म भर्ने ।
- फर्म भरेपछि बुँदा नं. ५ र ६ मा दिइएका कागजातहरु भुम्लु गाउँपालिकाको ईमेल आई.डी. **vacancy.bhumlu@gmail.com** मा **Scan** गरी एउटै **PDF File** बनाई पठाउनु पर्नेछ । कागजात मेलबाट पठाएपछि कार्यालयमा प्राप्त भए नभएको फोन गरी यकिन गर्नु पर्नेछ ।

**२. आवश्यक शैक्षिक योग्यता:**

ख) मावि शिक्षकको लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण ।

ग) कार्यालय सहयोगीको लागि साधरण लेखपढ गर्न सक्ने ।

**३. दरखास्त दिने अन्तिम मितिः २०८३।०२।१२ गते कार्यालय समय भित्र**

**४. आवेदन दस्तुरः** मा.वि. शिक्षकको लागि रु.१५००।—(एक हजार पाँच सय मात्र), कार्यालय सहयोगीको लागि रु ५००।—(पाँच सय मात्र)

**५. दस्तुर बुझाउने अन्तिम मिति तथा बुझाउने विधि :** २०८३।०२।१२ गते सम्म नबिल बैंक लि. मा रहेको भुम्लु गाउँपालिकाको खाता **BHUMLU GA.PA.1.1 AANTARIK RAJASWA KHATA** खाता नं. २१५०१०१७५०००४५ मा नविल बैंकको जुनसुकै शाखामा गई रकम जम्मा गरी भौचर दरखास्त फारम सँगै भुम्लु गाउँपालिकामा पेश गर्नुपर्नेछ वा माथि उल्लेखित इमेल ठेगानामा पठाउनु पर्नेछ ।

**६.आवेदन साथ संलग्न आवेदक स्वयंले प्रमाणित कागजातहरुः**

क) निवेदन ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ग) काम सँग सम्बन्धित अनुभव भए सोको कागजात

घ) अध्यापन अनुमति पत्र तथा न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि (शिक्षकको लागि मात्र)

ङ) ३ प्रति पासपोर्ट साइजको फोटो

**७. तलव तथा अन्य सुविधाः** नेपाल सरकारले तोकेको स्केल बमोजिम ।

**८. उमेर हदः** शिक्षक—१८ वर्ष पुरा भई ४० वर्ष ननाघेको, कार्यालय सहयोगी-१८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष)

**९. परिक्षाको किसिम :** शिक्षक पदको लागि शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम वमोजिम, कार्यालय सहयोगीको लागि अन्तर्वार्ता

**१०. परीक्षा मिति :** पछि प्रकाशन गरिने छ।

**११. विस्तृत जानकारीका लागि सम्पर्क व्यक्तिः श्री रुद्र लाल श्रेष्ठ— ९८५११९२९७०, श्री अमर कुमार श्रीवास्तव-९८५१२२७४५८**

---------------------
कृष्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत